आ.व. २०७६/१०/०६को दशौं बैठक

आज मिति २०७६ साल माघ ०६ गते साँझ ५ बजे रासी गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

## उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी , रासी गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,रासी गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल, रासी गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, रासी गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, रासी गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, रासी गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, रासी गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, रासी गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, रासी गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, रासी गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, रासी गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, रासी गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, रासी गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, रासी गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, रासी गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, रासी गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, रासीगाउँ कार्यपालिका ।

सचिव श्री राम प्रसाद शर्मा, रासी गाउँ कार्यपालिका ।

आमन्त्रित

नुमानन्द सुवेदी

आमन्त्रित

श्री विश्वास वि.क.,शाखा अधिकृत

श्री नारायण राउत, स्वास्थ्य शाखा प्रमुख

श्री विकास ज्ञवाली, अधिकृत

श्री रेशमराज अधिकारी, स.ले.पा.

श्री गिता चौधरी, खा.पा.स.टे

निर्णयहरु :

निर्णय नं १: उपभोक्ताहरुबाट निर्माण हुने आयोजना तथा कार्यक्रमहरुको रकम भुक्तानी गर्दा संघीय सरकारबाट पान नं को व्यवस्था गरि रकम भुक्तानी गर्ने व्यवस्था मिलाउने गरि आ.व.२०७६/७७ को बजेट वक्तव्य मार्फत व्यवस्था गरेकोमा हाललाई यस गाँउपालिका अन्तर्गत उपभोक्ताहरुबाट निर्माण हुने आयोजना तथा कार्यक्रमहरुको रकम अस्थायी प्रकृतिका उपभोक्ता समितिहरुलाई पान नं. विना नै रकम भुक्तानी दिने तर स्थायी प्रकृतिका उपभोक्ता समिति तथा संघ संस्थाहरुलाई पान नं विना रकम भुक्तानी नगर्ने निर्णय गरियो ।

निर्णय नं २ : राप्ती गाँउपालिका २ नं वडा कार्यालयले विद्युतिय सब-स्टेशन निर्माणको लागी जग्गा उपलब्ध गराउने सम्बन्धमा करन्दी सामुदायीक वन समुहसँग सहकार्य गर्ने गरि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.३ : वैकल्पिक उर्जासँग विद्युतीय चुलोको साझेदारीका लागी रकम रु १,००,००० । एक लाख रकम दिई सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं ४ : हात्तिपाईले रोग विरुद्ध आम औषधि सेवन कार्यक्रम अन्तर्गत पालिकास्तरिय समिक्षा तथा योजना तर्जमा, वडास्तरिय अभिमुखिकरण, महिला स्वास्थ्य स्वंयमसेवकहरुको अभिमुकिरण, व्यानर, प्रतिअस्पर व्यवस्थापन, औषधि तथा सामग्री ढुवानी, महिला स्वास्थ्यकमीको औषधि खुवाउँदाको खाजा तथा यातायात खर्च, स्वास्थ्य कर्मीको झोला आदी शिर्षकमा शसर्त अनुदानमा रु ४४७०००। अपुग हुने देखिएकोले वडास्तरिय अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नका लागि गुणस्तर सुधार कार्यक्रमबाट रु १७५०००। खर्च गर्ने निर्णय गरियो । साथै स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा महिला स्वास्थ्य स्वंयमसेविकाको प्रतिनिधित्व नभएकोले ऐन संशोधन गरि उक्त समितिहरुका एक एक जना महिला स्वास्थ्य स्वंयमसेविका सदस्य रहने गरि थप गर्ने निर्णय गरियो ।

निर्णय नं ५ : वास प्लान्टको कार्यक्रमको लागी अपुग हुने रकम मध्ये जनप्रतिनिधिको तलब शिर्षकबाट रकम रु ५,००,०००। पाँच लाख थप रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं ६ : राप्ती गाँउपालिकाबाट मिति २०७६/०८/१५ मा प्रकाशन गरेको विज्ञापन बमोजिम मिति २०७६/०९/०८ मा प्रकाशित लिखित नतिजा अनुसार मिति २०७६/०९/०९ मा सञ्चालन हुने गरि तय गरिएको अन्तर्रवार्ता कार्यक्रम परिक्षा समितिको निर्णय अनुसार स्थगन गरिएकोमा उक्त स्थगित परिक्षाको कार्यक्रमको परिक्षा सञ्चालन गरि अन्तिम नतिजा प्रकाशनको लागी परिक्षा सञ्चालन व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.७ : लैङ्गिक हिंसा सम्बेधनको लागी सिफारिस प्रणाली सम्बन्धी निर्देशिका २०७६ आजको बैठकमा पेश गरि उक्त निर्देशिकाको कार्यपालिकाका सदस्यहरुले अध्ययन गरी आगामी कार्यपालिकाको बैठकबाट संशोधनसहित पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ८ : विविध खर्च अनुमोदन छलफल गर्दा Visit Nepal 2020 को उदघाटन सन्दर्भमा यस गाँउपालिकाबाट जिल्ला समन्वय समितिको आयोजनामा घोराहीमा सहभागी हुन जाँदा लागेको खर्च तथा स्यानीघोस होमस्टे उदघाटनको लागि भएको खर्च विल बमोजिम भुक्तानी गर्ने सन्दर्भमा सभा तथा समारोह तथा पर्व सञ्चालन शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

नुमानन्द
अध्यक्ष

**निर्णय नं.९**- स्थानिय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७६ ले तोकेको मापदण्ड बमोजिम यस गा.पा.को प्रशासकीय भवनको लागि कम्तीमा ४० प्रतिशत ( रु २,७१,८८,६९८/-) लागत सहभागिता व्यहोर्ने गरी आयोजना प्रस्ताव पेश गर्ने निर्णय गरियो ।